# २०८१ फागुन १२ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | भारतको जयपुरमा २०८१ फागुन १९ गतेदेखि २१ गतेसम्म आयोजना हुने High-Level 12th Regional 3R and Circular Economy forum in the Asia and the Pacific कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. रमेश प्रसाद सिंहलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | थाइल्याण्डको बैंककमा २०८१ फागुन १९ गतेदेखि २१ गतेसम्म आयोजना हुने Asia and the Pacific Regional Preparatory Meeting for the 2nd United Nations Food Systems Summit Stocktaking Moment (UNFSS+4) कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. जय बहादुर टण्डनलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संयुक्त राज्य अमेरिकाको Harvard University in Cambridge, Massachusetts मा २०८२ वैशाख १४ गतेदेखि १७ गतेसम्म आयोजना हुने Harvard Ministerial Leadership Program अन्तर्गतको 2025 Harvard Ministerial Leadership Forum कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष प्रा.डा. शिवराज अधिकारीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ४ | अर्थ मन्त्रालय | आर्थिक वर्ष २०८०/८१ को स्वीकृत कार्यक्रम तथा बजेटमा समावेश भएका र सोही आर्थिक वर्षमा कार्य सम्पन्न भएका तर भुक्तानी हुन बाँकी आयोजना तथा कार्यक्रमको सिर्जित दायित्व भुक्तानी गर्ने व्यवस्था मिलाउन अर्थ मन्त्रालयलाई स्वीकृति दिने। |
| ५ | अर्थ मन्त्रालय | विश्व बैंक समुहको अन्तर्राष्ट्रिय विकास संस्थाबाट Bridges Improvement and Maintenance Program तेस्रो चरणअन्तर्गत १५० मिलियन अमेरिकी डलर बराबरको प्रस्तावित सहुलियतपूर्ण ऋण रकम स्वीकार गर्नेसम्बन्धी वित्तीय सम्झौता र कार्यक्रम दस्तावेजलाई अन्तिम रूप दिन वार्ता टोली गठन गर्ने र उक्त वार्ता टोलीलाई विश्व बैंकसँग वार्ता गर्न अखितयारी दिने। |
| ६ | अर्थ मन्त्रालय | नेपाल बिमा प्राधिकरणको अध्यक्ष पदमा श्री शरद ओझा, कञ्चनपुरलाई नियुक्त गर्ने। |
| ७ | खानेपानी मन्त्रालय | २०८१ फागुन १८ गतेदेखि २२ गतेसम्म भारतमा हुने खानेपानी तथा सरसफाइ स्वच्छता (WASH) क्षेत्रको विकाससम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्ने कार्यक्रममा सहभागी हुन माननीय खानेपानी मन्त्रीलाई स्वीकृति दिने। |
| ८ | गृह मन्त्रालय | संवत् २०८० वैशाख १ गतेदेखि यताका मनसुनजन्य विपद्मा परि बेपत्ता भएका व्यक्तिका परिवारलाई बेपत्ता भएको व्यक्ति कम्तीमा दश दिनसम्म पनि फेला पर्न नसकेको अवस्था यकिन गरी सम्बन्धित जिल्ला विपद् व्यवस्थापन कोषमार्फत् मृतकसरह राहत उपलब्ध गराउने। |
| ९ | भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | झापा जिल्ला, गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्तासम्बन्धी (पहिलो संशोधन) आदेश, २०८१ स्वीकृत गर्ने। |

| | | |
|---|---|---|
| १० | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २०८१ फागुन २७ र २८ मा संयुक्त राज्य अमेरिकाको Washington, DC मा आयोजना हुने 22nd Annual Transforming Transportation Conference विषयक कार्यक्रममा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहाललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ११ | रक्षा मन्त्रालय | नेपाली सेनाको महासेनानी पदमा एक जना र सहायक रथी पदमा एकजनालाई बढुवा गर्ने। साथै, एक जना महासेनानी, दुई जना सहायक रथी र एकजना उपरथीको पदावधि थप गर्ने। |
| १२ | वन तथा वातावरण मन्त्रालय | मिति २०८१ फागुन २१ गतेदेखि २३ गतेसम्म भारतको नयाँ दिल्लीमा आयोजना हुने World Sustainable Development Summit (WSDS) कार्यक्रममा सहभागी हुन वन तथा वातावरण मन्त्री माननीय ऐन बहादुर शाही ठकुरीलाई स्वीकृति प्रदान गर्ने। |
| १३ | वन तथा वातावरण मन्त्रालय | पथरी शनिश्चरे नगरपालिका, मोरङलाई सोही नगरपालिकाको प्रशासनिक भवन निर्माणको लागि सोही नगरपालिको वडा नं. १० मा रहेको राष्ट्रिय वनको जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| १४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | आदिवासी जनजाति आयोग र जनवादी गणतन्त्र चीनको National Ethnic Affairs Commission(NEAC) बिच हस्ताक्षर हुने Strengthening Friendly Cooperation विषयक समझदारीपत्रमा समकक्षी मिलाई हस्ताक्षर गर्न आदिवासी जनजाति आयोगलाई अख्तियारी दिने। |
| १५ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय (पशुपन्छी विकास); भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय(शिक्षा) र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवको वैदेशिक भ्रमण स्वीकृत गर्ने। | |